# कर्मचारी सञ्चय कोषबाट घर जग्गा धितोमा आधारित सापटी लिएर किस्ता नियमित नगरेका सञ्चयकर्तालाई किस्ता नियमित गर्ने सम्बन्धी सूचना

( गोरखापत्रमा सूचना प्रकाशित मिति : २०८१ असोज १५ गते )

कोषको सञ्चयकर्ता कर्जा विभाग, लगनखेल र कोषका विभिन्न शाखा कार्यालयबाट विभिन्न मितिमा **घर सापटी, शैक्षिक सापटी, घर मर्मत सापटी, सरल सापटी (साबिक सरल चक्र कर्जा) र जग्गा खरिद सापटी** लिएका ऋणी सञ्चयकर्ताले आ.ब.२०८१।८२ को **प्रथम** त्रैमासमा कोषलाई भुक्तानी गर्नुपर्ने साँवा तथा ब्याजको रकम मिति २०८१ असोज मसान्तभित्र बुझाउनुहुन अनुरोध छ ।

नियमित त्रैमासिक ब्याज भुक्तानी गर्ने ऋणी सञ्चयकर्तालाई कोषले तोके बमोजिमको ०.२५ प्रतिशत ब्याज छुट दिने व्यवस्था रहेको छ । सापटीको साँवा र ब्याजको किस्ता नियमित नगरेको अवस्थामा कर्मचारी सञ्चय कोष, सञ्चयकर्ता कर्जा असुली विनियम, २०७९ बमोजिम असुली प्रक्रियामा जाने व्यहोरा समेत जानकारी गराइन्छ ।

<u>कोषमा रकम भुक्तानी गर्ने प्रकृया :</u>

| | |
|---|---|
| KYC Update गरेका सञ्चयकर्ताले | ➢ Connect IPS Login गरी Semi-Govt (Sansthan) मा Click गरी,<br>➢ Mobile Banking App, Fone Pay को EPF Payment मार्फत वा<br>➢ आफ्नो Bank को Banking App भित्र रहेको Payment मा गई Pension Fund भित्र रहेको कर्मचारी सञ्चय कोषमा Click गरी |
| KYC Update नगरेका सञ्चयकर्ताले | ➢ कोषले तोकेका बैक खाता मार्फत कोषको खातामा रकम जम्मा गरी loan.recovery@epf.org.np मा उक्त भौचर ईमेल गरी पठाउन सकिनेछ । |

**नोट : KYC Update** नभएका सञ्चयकर्ताले शिघ्र नजिकको कोषको कार्यालयमा स्वयं उपस्थित भई **KYC Update** गर्नुहुन समेत अनुरोध छ ।

**कर्मचारी सञ्चय कोष**
सञ्चयकर्ता कर्जा विभाग,
लगनखेल, ललितपुर ।
फोन नं.: ०१-५४२२९४१, ५४२१९९१, ५४२३६६७, ५९७००४१